# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

### संस्थागत विद्यालयको शुल्क सम्बन्धमा !

मितिः २०८३/०१/१५

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान नेपाल सरकारले मिति २०८३ वैशाख १५ देखि तोकेकोमा भरतपुर महानगरपालिकाभित्रका कतिपय संस्थागत विद्यालयहरूले भर्नाको क्रममा नियम विपरीत भर्ना शुल्क र अन्य शुल्क लिएको भनी जनगुनासो प्राप्त भएको तथा जिल्ला प्रशासन कार्यालय लगायतका नियामक निकायबाट यस सम्बन्धमा महानगरपालिकाको ध्यानाकर्षण समेत भएको सन्दर्भमा भरतपुर महानगरपालिका, नगर शिक्षा समितिको मिति २०७९/०५/३१ को निर्णय उल्लेख गरी यस कार्यालयको प.सं. ०७९/०८० च.नं. १३२९, मिति २०७९/०६/०२ को पत्रमार्फत प्रारम्भिक बालविकास देखि कक्षा १० सम्मको शुल्क र नगर शिक्षा समितिको मिति २०७९/१०/१८ को निर्णयबमोजिम यस कार्यालयको प.सं. ०७९/०८० च.नं. ५५९७, मिति २०७९/१०/२० को पत्रमार्फत कक्षा ११ र १२ को शुल्क सम्बन्धमा सबै संस्थागत विद्यालयहरूलाई परिपत्र गरिएबमोजिम मात्र शुल्क लिने दिने कार्य गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

संस्थागत विद्यालय शुल्क मापदण्ड, २०७२ को दफा ८ र १४.१ मा उल्लेखित प्रावधानबमोजिम उल्लेखित शीर्षकहरूमा मात्र शुल्क लिनुहुन सबै संस्थागत विद्यालयहरूलाई पुनः जानकारी गराइन्छ। उपरोक्त पत्रका प्रतिलिपि तथा संस्थागत विद्यालय शुल्क मापदण्ड, २०७२ को उपरोक्त व्यवस्थाहरू यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ। उपरोक्त व्यवस्था विपरीतको शुल्क लिएको पाइएमा नियमानुसार कारवाही हुने व्यहोरा जानकारी गराउँदै यस सम्बन्धमा कुनै गुनासो भएमा शैक्षिक प्रशासन महाशाखामा गुनासो पेस गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

भरतपुर महानगरपालिका
नगर कार्य पालिकाको कार्यालय

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.स: २०७९/८०
च.नः ९२२९

फोन नः ०५६-५३२०३७

मितिः२०७९।०६।०२

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरू,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका नगर शिक्षा समितिको मिति २०७९।०५।३१ को संस्थागत विद्यालयको शुल्क निर्धारण सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा सबै संस्थागत विद्यालयहरूलाई निम्न अनुसार गर्न जानकारी गराइन्छ ।

क) विद्यालयले पालना गर्नुपर्ने न्यूनतम शर्तहरू

१. शुल्क वृद्धि पछि संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको तलब तथा भत्ता उपलब्ध गराउने।
२. विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०७६ मा तोकिए भन्दा बाहेक कुनै शीर्षकमा शुल्क नलिने।
३. विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०७६ ले तोकेका पूर्वाधार पूरा गर्नुपर्ने।
४. नियमानुसार कम्तीमा १० प्रतिशत छात्रवृत्ति वितरण गरी सोको विवरण शैक्षिक प्रशासन महाशाखामा प्रत्येक वर्ष पेश गर्नु पर्नेछ ।

ख) विद्यालयले उपर्युक्त बमोजिम प्रतिवद्धता पालना गर्ने गरी मिति २०७९।०६।१ गतेबाट लागु हुनेगरी "ग" श्रेणीको पूर्व प्राथमिकदेखि कक्षा १० सम्मको अधिकतम शुल्क देहायबमोजिम निर्धारण गरिएको छ ।

| कक्षा | पूर्व प्राथमिक | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविकको शुल्क | १४२५ | १५५५ | १६०५ | १६८५ | १७१५ | १७७५ | २००० | २०८० | २१५० | २४८० | २६४० |
| २०% वृद्धि गर्दा हुने अधिकतम् शुल्क | १७१० | १८६५ | १९२५ | २०२० | २०५५ | २१३० | २४०० | २४९५ | २५८० | २९७५ | ३१६५ |

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.स: २०७९/८०
च.न: १३२१

फोन न: ०५६-५३२०३७

- श्रेणीकृत नभएको विद्यालय र "घ" वर्गको विद्यालयले "ग" श्रेणीका विद्यालयले लिन पाउने शुल्क भन्दा २५ प्रतिशत कम शुल्क लिनु पर्नेछ ।
- आधारभूतभन्दा माथिको सुविधा दिइरहेका अपेक्षित सुविधायुक्त "ख" श्रेणीका र विशेष सुविधायुक्त "क" श्रेणीका विद्यालयहरूले विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०७६ को अनुसूची -२, (६) बमोजिम अपेक्षित सुविधायुक्त विद्यालयले २५ प्रतिशत र विशेष सुविधायुक्त विद्यालयले ५० प्रतिशत सम्म थप शुल्क लिन सक्ने छ।

ग) विद्यालयले माथि (क) र (ख) अनुसार गरेनगरेको विषयमा विद्यालय शुल्क निर्धारण सिफारिस समितिबाट अनुगमन हुने र तोकिए भन्दा बढी शुल्क लिएको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

२०७९।०६।०२

महेन्द्र प्रसाद पौड्याल
नगर शिक्षा अधिकारी

बोधार्थ
श्री २९ वटै वडा कार्यालय भरतपुर महानगरपालिका चितवन

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०७९/०८०
च.नः ४४३७

मितिः२०७९/१०/२०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संस्थागत विद्यालयहरु (कक्षा ११/१२ सञ्चालित)
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा भरतपुर महागरपालिका नगर शिक्षा समितिको मिति २०७९/१०/१८ गतेको संस्थागत विद्यालयको कक्षा ११-१२ को शुल्क निर्धारण सम्बन्धी निर्णय कार्यन्वियन सम्बन्धमा कक्षा ११-१२ सञ्चालित सबै संस्थागत विद्यालयलाई निम्नानुसार गर्नुहुन जानकारी गराइन्छ।

| क्र.सं. | कक्षा | विषय | निर्धारण गरिएको 'ग' श्रेणीको मासिक शुल्क |
|---|---|---|---|
| १ | कक्षा ११ | व्यवस्थापन | रु. ३३५०। |
| | | होटल म्यानेजमेन्ट र कम्प्युटर | रु. ३४५०। |
| | | विज्ञान | रु. ४१००। |
| २ | कक्षा १२ | व्यवस्थापन | रु. ३४५०। |
| | | होटल म्यानेजमेन्ट र कम्प्युटर | रु. ३५५०। |
| | | विज्ञान | रु. ४२००। |

पालना गर्नुपर्ने शर्तहरुः

१. संस्थागत विद्यालयहरुले विद्यालयगत शुल्क निर्धारण गर्दा उल्लिखित अनुसारमा तोकिएका शुल्क दरमा नबढने गरी आफ्नो विद्यालयको शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई सार्वजनिक गर्ने र त्यसको जानकारी भरतपुर महानगरपालिकामा गराउने।

२. शुल्क निर्धारण पछि संस्थागत विद्यालयले शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको स्केलमा तलब भत्ता उपलब्ध गराउने।

३. विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ मा तोकिए भन्दा बाहेक कुनै शीर्षकमा शुल्क नलिने।

४. विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ ले तोकेको पूर्वाधार पूरा गर्नुपर्ने।

५. नियमानुसार कम्तीमा दश प्रतिशत छात्रवृत्ति वितरण गरी प्रत्येक वर्ष शैक्षिक प्रशासन महाशाखामा पेश गर्ने।

२०७९/१०/२०
ऋषिराम शर्मा
अधिकृतस्तर आठौं

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

## संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका,२०७२ को दफा ८ मा उल्लेखित शुल्क शीर्षकको सीमाङ्कन

| क्र.सं. | शुल्क शीर्षक | मापदण्ड |
|---|---|---|
| १ | मासिक पढाई शुल्क | कक्षा कोठामा पठन पाठन सञ्चालन गर्न शैक्षिक कार्य सञ्चालन शिक्षक एव कर्मचारीहरूको तलबभत्ता वापत |
| २ | वार्षिक शुल्क | खेलकुद अतिरिक्त क्रियाकलाप प्रयोगशाला विद्यालय भवन मर्मत पुस्तकालय र प्राथमिक उपचार वापत |
| ३ | भर्ना शुल्क | विद्यार्थीको रजिष्ट्रेशन व्यक्तिगत प्रोफाइल अध्यावधिकीकरण भर्ना फाराम छपाइ आदि वापत |
| ४ | धरौटी | विद्यालय अवधिभरत विद्यार्थीले तिर्नु पर्ने कुनै बक्यौता हुन गएमा त्यसको सुरक्षण वापत (फिर्ता हुने गरी ) |
| ५ | परीक्षा शुल्क | त्रैमासिक अर्धवार्षिक वार्षिक लगायतका परीक्षा सञ्चालन तथा नतिजा तयारी  लगायतका योजना कार्य सञ्चालन वापत |
| ६ | कम्प्युटर शुल्क | कम्प्युटर विषय शिक्षण कम्प्युटर साक्षरता कोर्स सञ्चालन र कम्प्युटर मर्मतबापत |
| ७ | स्थानान्तरण प्रमाणपत्र शुल्क | प्रमाणपत्र छपाइ र वितरण वापत |
| ८ | विशेष प्रशिक्षण शुल्क | जुडो मार्सल आर्ट पौडी गायन नृत्य खेलकुद सङ्गीत र साहित्यिक क्रियाकलापको प्रशिक्षण तथा विभिन्न प्रकारका तालिम प्रशिक्षण पारिश्रमिक बापत |
| ९ | आवास व्यवस्थापन शुल्क | आवासीय विद्यार्थीको लागि सिर विछ्याउन खरिद आवास सरसफाइ खानेपानी बिजुली खाना खाजा र सुरक्षा बापत |
| १० | भोजन शुल्क | विद्यालय आवासमा नरहने तर विहान एवम दिउसोको खानाखाजा विद्यालयमै खाने विद्यार्थीहरूका लागि |
| ११ | परिवहन शुल्क | विद्यार्थीलाई घरबाट विद्यालय सम्म लैजान/ पुर्‍याउनकालागि प्रयोग गरिने सबारी साधनको इन्धन चालकको पारिश्रमिक र मर्मत खर्च बापत |
| १२ | शैक्षिक भ्रमण शुल्क | विद्यार्थीको व्यवहारिक ज्ञान अभिवृद्धिका लागि अन्तर विद्यालय भ्रमण पर्यटकीय क्षेत्र भ्रमण तथा Internship सञ्चालन बापत |
| १३ | अन्तर विद्यालय प्रतियोगिता सञ्चालन | विद्यार्थीको बौद्धिक तथा शारीरीक विकासका लागि उपयोगी प्रतियोगिता सञ्चालन बापत |
| १४ | शैक्षिक सामग्री शुल्क | कक्ष शिक्षणका लागि आवश्यक पर्ने छपाइ र श्रव्य दृष्यजस्ता सामग्री खरिद बापत |

## संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका,२०७२ को दफा १४.१ मा उल्लेखित शुल्क शीर्षक र मापदण्ड विवरण

| क्र.सं. | शीर्षक | मापदण्ड विवरण |
|---|---|---|
| १ | मासिक पढाई शुल्क | १ वर्षमा १२ महिनाको स्वीकृत मासिक शुल्क |
| २ | भर्ना शुल्क | भर्ना हुँदा एकपटक मात्र जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत मासिक शुल्कको १ महिनाको शुल्क |
| ३ | परीक्षा शुल्क | प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतमा नबढाइकन वार्षिक वा किस्तामा लिनुपर्नेछ। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाई बापतको खर्च यसैभित्र समेट्नु पर्नेछ। |
| ४ | शैक्षिक सामग्री शुल्क | शैक्षिक सामग्री बापत मासिक पढाइ शुल्कको १० प्रतिशत मात्र वर्षमा एकपटक लिन पाइनेछ। यस शीर्षकमा उठाइएको रकमको ७० प्रतिशत सोही कक्षाको लागि आवश्यक शैक्षिक सामग्रीमा खर्च गर्नुपर्नेछ। बाँकी ३० प्रतिशत रकमको कुल विद्यार्थीको कुल योग अङ्कको हुन आउने रकम स्थायी प्रकृतिको शैक्षिक सामग्रीमा खर्च गर्नुपर्नेछ। |
| ५ | वार्षिक शुल्क | २ महिनाको स्वीकृत मासिक शुल्क बराबरको रकम। |
| ६ | एसइइ र एसएलसी तथा कक्ष ८ को परीक्षाको आवदेन र रजिष्ट्रेश शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न क अनुसार नेपाल सरकार वा सम्बन्धित निकायले निर्धारण गरेभन्दा बढि लिन पाइने छैन |
| ७ | प्रवेश परीक्षा र फाराम शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न ख अनुसार प्रवेश परीक्षा बापत बढीमा रू १०० र फाराम शुल्क बापत रू २५ |
| ८ | आवास व्यवस्थापन शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न ग अनुसार |
| ९ | दिवा भोजन तथा खाजा शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न घ अनुसार |
| १० | परिवहन शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न ङ अनुसार |
| ११ | विशेष प्रशिक्षण शुल्क | सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.३ को बुदा न च अनुसार |
| | | |

### उपरोक्त शुल्क कार्यान्वयन गर्दा देहाय बमोजिम गर्नु पर्ने छ :

१ श्रेणीकृत नभएका विद्यालयहरूले शुल्क लिदा महानगरपालिकाले तोकेको मासिक शुल्कको २५ प्रतिशत कम शुल्कमा नबढ्ने गरी लिन सक्नेछन् ।

२ ख वर्गमा श्रेणीकृत भएका विद्यालयहरूले शुल्क लिदा महानगरपालिकाले तोकेको मासिक शुल्कमा २५ प्रतिशत थप गरी हुन आउने रकममा नबढ्ने गरी लिन सक्नेछन् ।

३ क वर्गमा श्रेणीकृत भएका विद्यालयहरूले शुल्क लिदा महानगरपालिकाले तोकेको मासिक शुल्कमा ५० प्रतिशत थप गरी हुन आउने रकममा नबढ्ने गरी लिन सक्नेछन् ।

भरतपुर महानगरपालिका

**भरतपुर महानगरपालकाको विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ (पहिलो संशोधन,२०८०) बमोजिम  नीजि लगानीका विद्यालयहरूमा सञ्चालित कक्षा ११ र १२ मा प्रयोगशाला शुल्क सम्बन्धी व्यवस्था**

| क्र.सं. | शीर्षक | मापदण्ड विवरण |
|---|---|---|
| १ | विज्ञान समूहका सबै विषयहको लागि | सबै श्रेणीका विद्यालयहरूको लागि वार्षिक रू १८०००मात्र |
| २ | विज्ञान समूहको जिव विज्ञान अध्ययन नगर्ने विद्यार्थीका लागि | सबै श्रेणीका विद्यालयहरूको लागि वार्षिक रू १२०००मात्र |
| ३ | होटल व्यवस्थापन समूहका लागि | सबै श्रेणीका विद्यालयहरूको लागि वार्षिक रू १६५००मात्र |
| ४ | कम्प्युटर समूहका विषयहरूको लागि | सबै श्रेणीका विद्यालयहरूको लागि वार्षिक रू ६००० मात्र |